प्रतिदिन
१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २८६ ॥ २०८१ मंसिर २२ गत शनिबार (7th Dec 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# थोत्रा स्कुल बसको भर, विद्यार्थीहरुको ज्यान जाने डर



झापा(प्रस) । झापाको बिर्तबजार-घैलाडुब्बा सडकखण्डमा फनमिन बोर्डिङ स्कुलको बस पल्टिएर शुक्रवार दुर्घटना भएको छ । अपरान्ह ४.१५ बजे बिर्तामोड नगरपालिका वडा नं.- ३ खुकुरी चौकस्थित बिर्ताबजार- घैलाडुब्बा भित्री सडकखण्डमा बिर्ताबजारबाट फनमिन बोर्डिङ स्कुलतर्फ जाने क्रममा ना४ख ७४४० नम्बरको बस आफै अनियन्त्रित भई रोड साईडमा पल्टिँदा मानवीय क्षति हुन पाएन । सौभाग्यबश सो बस विद्यार्थीहरुलाई पुर्याएर फर्किदै गरेको थियो । बस चालक बिर्तामोड-३ बस्ने ४१ वर्षीय देवकुमार राजबंशी सकुशल रहेको र बसलाई दुर्घटनास्थलबाट उठाउन पहल भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै दुई दिनअघि गौरीगञ्जमा स्कुल बसको ठक्करबाट बाबु छोरा घाइते भए । गौरीगञ्ज गाउँपालिका वडा नम्बर २ बहुन टोलस्थित भित्री सडकखण्डमा तुलाचन चौकबाट टटुवामारी चोकतर्फ जाँदै गरेको प्र१-०१-००१ क ९७८ नम्बरको देवकोटा बोर्डिङ स्कुलको बस र बिपरित दिशाबाट आउँदै गरेको प्र-१-०१-०१६ प ५०६७ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक गौरीगञ्ज आँपगाछी बस्ने १९ वर्षीय अन्वारीश कुमार राजवंशी र मोटरसाइकलमा पछाडि सवार उनका बुवा ५५ वर्षीय फागु राजवंशी घाइते भएका थिए ।
टाउको र दाहिने खुट्टामा चोट लागेका अन्वारीशकुमार सामान्य घाइते छन् भने फागुको अबस्था गंभीर रहेको छ । दुवै जना घाइतेलाई गौरीगञ्ज आधारभूत अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि निम्स अस्पताल दमक रेफर गरिएको छ ।
बस र बस चालक गौरीगञ्ज ३ तेलगानी बस्ने ४१ वर्षीय एगराज कटुवाल इलाका प्रहरी कार्यालय गौरीगञ्ज र मोटरसाइकल प्रहरी चौकी कोरोबारीको नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । यसरी झापामा स्कुल बस दुर्घटना हुने क्रम बढेको छ । थोत्रा बस र त्यसमा बस चालकहरुले लापरवाहीका कारण चलाउने गर्दा स्कुल बस दुर्घटना बढेको हो । कन्डिसनमा नभएको फनमिनको बस आफै अनियन्त्रित भएर पल्टिएको बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए । उनले स्कुल बसहरुको लापरवाही बढेकाले त्यसतर्फ ट्राफिक प्रहरीको ध्यान जान जरुरी भएको बताए ।सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि सामुदायिक तथा निजी विद्यालयका सवारी साधनहरुको अनुगमन जरुरी भएको हो ।

बिर्तामोड क्षेत्रमा चल्ने विद्यालयहरुका सवारीहरुको अवस्था, चालकको सवारी चालक अनुमतिपत्रलगायतका विषयमा ट्राफिक प्रहरी कार्यालयले चेकजाँच गर्नुपर्ने वडाध्यक्ष बुढाथोकीको भनाई छ । झापाका करिव चार सय संस्थागत विद्यालयका ११०० को हाराहारीमा स्कुल बस छन् । त्यसमा केही विद्यालयहरुले २० वर्षभन्दा माथिका थोत्रा गाडी चलाइरहेका छन् । केही विद्यालयहरुले पुराना रात्रिबसलाई मर्मत गरेर स्कुल बसको रुपमा चलाइरहेको प्याब्सन झापाका अध्यक्ष गौरीमान फागो स्वीकार गर्छन् । उनले अन्तर्राष्ट्रिय नियमअनुसार स्कुल बसलाई पहेलो बनाउन लगाएपनि स्कुल बस बाटोमा गुड्दा कसैले पनि प्राथमिकता नदिएको गुनासो गरे । त्यस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख , प्रहरी निरीक्षक गणेश पौडेलले साना नानीबाबुहरुलाई बसमा हालेर पठाउने स्कुल संचालक र कुदाउने चालक बढी जिम्मेवार हुनुपर्ने बताए । उनले कतिपय स्कुल बसहरुले लापरवाही गर्दै आएकाले उनीहरुको नियमन गरिने जानकारी दिए ।

## ट्र्याक्टरको ठक्करबाट दुईजना गंभीर घाइते

झापा(प्रस) । झापा गाउँपालिकाको भित्री सडकखण्डमा ट्र्याक्टरको ठक्करबाट दुईजना गंभीर घाइते भएका छन् । शुक्रवार साँझ ६ बजे झापा गाउँपालिका वडा नं ३ को कामाटोलीस्थित भित्री कच्ची सडकखण्डमा कामाटोली बजारबाट गैरीगाउँतर्फ जाँदै गरेको प्र १-०१-०१५ प ४०४७ न को मोटरसाइकललाई बिपरित दिशाबाट आउँदै गरेको मे १ त ६०६२ न को ट्र्याक्टरले ठक्कर दिँदा दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकल चालक झापा गाउँपालिका ३ गैरीगाउँ बस्ने अन्दाजी ३४ वर्षीय सिताराम पौडेल र मोटरसाइकलमा पछाडि सवार १६ वर्षीया पेरिषा खतिवडा गंभीर घाइते भएका छन् । घाइते दुवैको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । दुर्घटनापछि ट्र्याक्टर चालक फरार भएका छन् भने ट्र्याक्टर र मोटरसाइकल प्रहरी चौकी टाघनडुब्बाको नियन्त्रणमा राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# धुलावारी बजारबाट कपडा चोर्ने दुई पक्राउ



झापा(प्रस) । मेचीनगर-१० धुलावारी बजारको कपडा पसलबाट करिव तीन लाख बराबरको लत्ताकपडा चोरी गर्ने दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । धुलावारीमा ३३ वर्षीय अंकित सेठियाले सचालन गरेको भैरव स्टोरबाट बुधवार राति लत्ताकपडा चोरी गर्ने मेचीनगर नगरपालिका-१० टिमाई भेली बस्ने २८ वर्षीय दुखु मिया र सोही ठाउँ बस्ने २१ वर्षीय तेजराज बिष्ट पक्राउ परेका हुन् ।
सि.सि.टिभी फुटेजमा उनीहरुको पहिचान भएपछि इलाका प्रहरी कार्यालय धुलाबारीको प्रहरी टोलीले खोजतलास गर्नेक्रममा बिहीवार साँझ ५ बजे दुवैलाई नियन्त्रणमा लिएको हो । चोरी गरी लगेको लताकपडाहरू दुवै जनाको घरबाट बरामद गरी उनीहरुलाई इलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको प्रहरीले जनाएको छ ।

# वाइडबडी जहाज खरिदमा ४ जना दोषी ठहर




झापा(प्रस) । विशेष अदालतले नेपाल वायुसेवा निगमका दुइटा वाइडबडी जहाज खरिदमा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै तत्कालीन अध्यक्ष र महाप्रबन्धकसहित निगम सञ्चालक समितिका चार जनालाई दोषी ठहर गरेको छ। जहाज आपूर्तिकर्तामध्ये सात जना दोषी ठहर भएका छन्।
विशेषका न्यायाधीशहरू टेकनारायण कुँवर, तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकार, अध्यक्ष शंकर अधिकारी, भन्सार विभाग महानिर्देशक शिशिर ढुंगाना र सहसचिव बुद्धिसागर लामिछानेलाई दोषी ठहर गरेको हो।
यी चारै जना निगम सञ्चालक समिति सदस्य हुन्। तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीलाई भने सफाइ दिइएको छ।
विशेष अदालतले तत्कालीन महाप्रबन्धक कंसाकारलाई २ वर्ष ९ महिना कैद सजाय सुनाएको छ। ज्येष्ठ नागरिकका आधारमा उनको कैद आधा मिनाहा गरिएको छ।
तत्कालीन अध्यक्ष तथा पर्यटन सचिव अधिकारीलाई १ वर्ष ९ महिना कैद सजाय सुनाइएको छ भने ढुंगाना र लामिछानेलाई १ वर्ष ६ महिना कैद फैसला गरिएको छ।
अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वाइडबडी जहाज खरिदमा भ्रष्टाचार भएको भन्दै १ अर्ब ४७ करोड १० लाख ८५ हजार ४८२ रकम बिगो माग गरी ३२ जना विरूद्ध मुद्दा दायर गरेको थियो।यो मुद्दामा निगमका अन्य कर्मचारी र सञ्चालक समिति सदस्यहरूले सफाइ पाएका छन्।
जहाज आपूर्तिकर्तामध्ये दोषी ठहर भएकामा एएआर इन्टरनेसनल इन्कका दिपक शर्मा, जर्मन एभिएसन क्यापिटलका ओलेग कालिस्टु, एएआर इन्टरनेसनल इन्कका मुख्य व्यक्ति जोन एम होल्मस, एभिएसन क्यापिटलका प्रबन्ध निर्देशक अना टोपा, हाई फ्लाई एक्सका पाउलो मोरपुरी, गेराल्ड थ्रोन्टन र क्रिश्चियन न्ह्युलेन छन्। उनीहरूलाई १ वर्ष ६ महिना कैद सजाय सुनाइएको छ।

# झापा गाउँपालिकाका किसानलाई ८० प्रतिशत विद्युत महशुलमा अनुदान

• **द्रोण अधिकारी,**
झापा । सिमान्तकृत तथा विपन्न वर्गको बसोबास रहेको पश्चिम दक्षिणी झापा गाउँपालिकाले व्यावसायिक कृषिलाई जोड दिएको छ ।
पालिकाले कृषिमै निर्भर कृषकको संरक्षणका लागि विविध अनुदान दिएर व्यावसायिक कृषिमा जोड दिएको हो । पहिलो स्थानीय तह निर्वाचन २०७४ मा तत्कालीन अध्यक्ष जयनारायण शाहले पालिकाका बासिन्दाको जीवनस्तर उकास्न कृषिलाई देखाएर अगाडि सारेको समृद्धिको सपना निरन्तर कार्ययोजनाका साथ अगाडि बढाउँदा पालिकाले व्यावसायिक कृषिमा निकै ठूलो फड्को मारिसकेको छ । पछिल्लो समय शाहको व्यावसायिक कृषिमार्फत स्थानीयको जीवनस्तर उकास्ने सपना पूरा गर्ने दायित्व कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले पाएकी छन् ।
गाउँपालिकाले व्यावसायिक कृषिमा आकर्षण बढाउन र कृषिलाई दिगो पेशा बनाउन सिंचाईलगायत कृषि कार्यमा प्रयोग हुने विद्युत खपतको ८० प्रतिशत लागत रकम व्यहोर्ने नीति लिएको छ । कृषिमा लागत घटाइ किसानहरुलाई व्यावसायिक खेतीप्रति आकर्षण बढाउन गाउँपालिकाले चालु आर्थिक वर्षको बजेटमार्फत किसानको ८० प्रतिशत विद्युत महशुल तिरिदिने नीति लिएको हो ।



किसानहरुलाई खेतीपाति गर्न सजिलो पारेर आयआर्जन बढाउने उद्देश्यले गाउँपालिकाले उनीहरूको खेतबारीमै बिजुली पुर्याइरहेको कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले जानकारी दिइन् । उनका अनुसार किसानको कृषि कर्मप्रति सहयोग गर्ने उद्धेश्यले गाउँपालिकाले विद्युत महशुलमा लाग्ने ८० प्रतिशत रकम चालु आर्थिक बर्ष २०८१/०८२ को बजेटमार्फत तिरिदिने भएको हो ।
झापा गाउँपालिकामा २०७४/०७५ को बजेटमार्फत नै तत्कालीन अध्यक्ष शाहले किसान हितको लागि शुरू गरेको बिजुली बिस्तार कार्यक्रमले अहिलेसम्म निरन्तरता पाएको हो ।
झापाका ७ वडामा हालसम्म ५ हजार वटा बिजुलीका पोल किसानका खेतबारीमा तारसहित जोडिएको छ भने ८ सय पोल यस आर्थिक वर्षमा जोडिन लागेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले जानकारी दिए ।
पालिकाले किसान हितमा विद्युतमा लाग्ने महशुल मात्रै होइन , सिंचाई मोटर ,स्प्रे ट्याङ्कीसमेत साझेदारी कार्यक्रमअन्तर्गत उपलब्ध गराउँदै आएको छ भने ५० युनिटसम्म सबै नागरिकको विद्युत महशुलसमेत पालिकाले नै तिर्दै आएको प्रमुख प्रशासकीय अधिकृत थपलियाको भनाइ छ । मकै, धान ,केरा र तरकारी खेती गर्ने किसानलाई पालिकाले ६० प्रतिशत सिंचाईको लागि विद्युत महशुल तिरिदिँदैं आएकोमा यस आर्थिक वर्षदेखि ८० प्रतिशत तिरिदिन लागेको हो । विद्युतमा सहुलियतसहित दिइरहेको झापा गाउँपालिकालाई प्रधानमन्त्री कृषि परियोजनामार्फत मकै पकेट जोन क्षेत्र घोषणा गरिएपछि किसानको खुसीको लागि उनीहरूलाई चाहिने आवश्यक मल, बीउ, औजार र प्राविधिक सहयोगलाई प्राथमिकता दिन थालिएको छ ।
कृषि शाखाका अनुसार गाउँपालिकालेमकै पकेट जोन क्षेत्र घोषणा गरेपछि मकै रोप्ने मेसिन,

❖ बाँकी अन्तिम पृष्ठमा

# शिवलिङ्गबाट तिलक हटाइयो

## ज्यान मार्ने धम्की दिनेलाई कार्वाहीको माग



झापा(प्रस) । अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्यजी महाराज र गोलोक गोवर्धन गौशालाका अध्यक्ष आचार्य श्री नन्दकिशोरजी महाराजलाई ज्यान मार्ने धम्की दिनेलाई सताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिले कार्वाहीको माग गरेको छ । सताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिका अध्यक्ष तुलाराम बोखिम र सचिव कालिप्रसाद रिजालले एक प्रेस विज्ञप्ति जारी गरी सामाजिक संजाल प्रयोग गरी ज्यान मार्ने धम्की दिने जो कोहीलाई कानुनी कार्वाही गर्न माग गरेका हुन् ।

उनीहरुले सताक्षीधाममा शिवमहापुराण जस्तो पवित्र धार्मिक कार्यक्रम संचालन भइरहेको अबस्थामा कोही कसैसंग चित्त नबुझे सम्बन्धित ठाउँमा आएर वार्ताद्वारा समस्या समाधान गर्न सकिने बाटो हुँदाहुँदै सामाजिक संजालमा गुरुहरुलाई अनर्गल गालीगलौज गर्नु र ज्यान मार्नेसमेतको धम्की दिनु खेदजनक भएको उल्लेख गरेका छन् ।त्यस्तै गौशालाका संरक्षक आचार्य नन्दकिशोरजी महाराजले एक प्रेस विज्ञप्ति जारी गरी यज्ञका आचार्यलाई आएको धम्की, चारैतिरको दवाव र तिलककै कारण समाज विखण्डन हुन्छ भने समाज किन विखण्डन हुन दिने भन्ने धारणाले शिवलिङ्गबाट तिलक हटाएको जनाएका छन् ।
उनले यस कार्यबाट आफूलाई दुःख लागेको बताउँदै आगामी दिनमा हुने गौसेवा तथा हिन्दुराष्ट्र कायमको अभियानमा कसरी सहकार्य गर्ने भन्नेमा चिन्ता उत्पन्न गराएको बताएका छन् ।सामाजिक सञ्जालमा नारायण सिग्देलले बालसन्त र नन्दकिशोरको ज्यान लिने धम्की दिएका हुन् । सताक्षीधाममा गोलोक गोवर्धन गौशालाले दशौं वार्षिक उत्सवका अवसरमा विविध कार्यक्रम आयोजना गरिरहेको छ। सोही कार्यक्रमअन्तर्गत सवा करोड रुद्राक्षजडित ५१ फिट अग्लो शिवलिङ्गमा लगाइएको चन्दनका विषयमा विवाद भएको बताइएको छ ।
सामाजिक सञ्जालमै सीताराम तिम्सिनाले पनि धार्मिक गुरुहरूको नाम जोडेर सताक्षीधाममा आयोजना भइरहेको गौरक्षा महोत्सव भाँड्ने प्रयास गरेका छन्। उनले पनि शिवलिङ्गमा लगाइएको चन्दनको विषयलाई विवाद झिकेर सामाजिक सञ्जालमा विष बमन गरेका छन्।

# नेरेसो कमल उपशाखाको बार्षिक साधारणसभा

दमक(प्रस) । झापाको कमल गाउँपालिकास्थित नेपाल रेडक्रस सोसाइटी कमल उपशाखाले विभिन्न कार्यक्रम गरी शुक्रवार आफ्नो १२ औ बार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

कमल गाउँपालिका वडा न. ५ मंगलवारेस्थित रेडक्रसको आफ्नै सभाहलमा उपशाखाले सम्मानलगायतका कार्यक्रम गरि साधारणसभा सम्पन्न गरेको हो ।

सभामा रेडक्रसले पालिकाभित्रका विद्यालयस्तरमा गठन गरेको युवा रेडक्रस सर्कलहरुमध्ये उत्कृष्ट हुने सामुदायिक विद्यालयतर्फ कमल २ को मदनआश्रित स्मृति मावि र संस्थागततर्फ कमल ५ को स्मारिका सामुदायिक बोर्डिङ स्कूललाई प्रशंसापत्र प्रदान गरेको थियो ।

यसैगरी रेडक्रसको संस्थागत हितमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै कमल गाउँपालिकाकी पूर्व अध्यक्ष मेनुका काफ्लेलाई सम्मान गरिएको थियो ।



ती प्रशंसासहित सम्मानपत्र कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी झापा जिल्ला शाखाका सभापति लोकराज ढकाल, विशिष्ट अतिथि कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी , रेडक्रस कमल उपशाखाका सभापति चन्द्र साहलगायतले प्रदान गरेका थिए ।

उपशाखाकी उपसभापति चन्द्रकला भण्डारीले स्वागत मन्तव्य राखेको सभामा रेडक्रस कमल उपाशाखाका सचिव पारसमणि राईले बार्षिक प्रतिवेदन ,कोषाध्यक्ष प्रमोदकुमार दाहालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही सभाको बन्दसत्रले दुवै प्रतिवेदनलाई सुझावसहित पारित गरेको उपशाखाका उपसचिव विष्णु सुब्बाले बताए ।

उपशाखाका सभापति चन्द्र साहको अध्यक्षतामा भएको सभामा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका कोषाध्यक्ष बिमल लामिछाने, रेडक्रसका सल्लाहकार दिपेनवाला राई,कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी,प्रमुख अतिथि रेडक्रस झापाका सभापति लोकराज ढकालले रेडक्रस कमल उपशाखाको विविध गतिविधिका बिषयमा आफनो विचार राखेका थिए ।

उपशाखाअन्तर्गत हाल ३ सय बढी आजीवन ,विशिष्ट,यशस्कर सदस्यहरु रहेको बताईएको छ ।

ल्यावका लागि दाहाल परिवारबाट सहयोग रेडक्रस उपशाखाका पूर्व सल्लाहकार संयोजक स्व. पूर्णानन्द शर्मा र उनकी धर्मपत्नी स्व. रमा शर्मा दाहालको स्मृतिमा उनका परिवारले रेडक्रसलाई मासिक १० हजार रुपैयाँ दिने घोषणा गरेका छन् । रेडक्रस कमल उपशाखाले ज्येष्ठ समुदायलाई लक्षित गरी आफै ल्याव सञ्चालनको प्रकृया अघि बढाइरहेकाले त्यसमा सघाउ पुऱ्याउन दाहाल परिवारले उक्त घोषणा गरेका हुन् । रगत तथा पिसावको जाँच परीक्षण गर्न रेडक्रसले ल्याव (प्रयोगशाला ) स्थापना गर्न प्रकृया थालेको सभापति साहले बताए । रेडक्रसकै कार्यालयमा ल्याव सञ्चालन गर्ने लक्ष्य राखिएको उनले जनाए ।

कमल ५ निवासी राजनीतिक तथा सामाजिक व्यक्तित्व शर्माको गत वर्ष ८५ वर्षको उमेरमा निधन भएको थियो । दाहाल परिवारका पुत्र प्रमोद कुमार दाहाल रेडक्रस उपशाखाका कोषाध्यक्ष हुन् । पिताजीको सोच र विचारलाई पूरा गर्न आफूहरुले सो सहयोग गर्ने कोषाध्यक्षसमेत रहेका दाहालले बताएका छन् ।

**झापा..**

मकै छोडाउने मेसिन, स्प्रे ट्याङ्की, मकै सुकाउने झुल र सिंचाईको लागि मोटर अनुदान सहयोगमा उपलब्ध गराउँदै पालिकाभित्र आवद्ध ९२ वटा कृषक समूहलाई आवश्यक तालिम र अनुदानको ब्यवस्थासमेत गर्दै आएको छ । तत्कालीन अध्यक्ष शाहले पदभार सम्हालेपछि आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक विपन्न उत्थानका लागि कृषिमा केन्द्रीत कार्यक्रम ल्याउन थालेका थिए । त्यसयता झापा गाउँपालिकाले त्यहाँका बासिन्दाको हितमा महत्वपूर्ण काम गरिरहेको छ भने विगतकै कार्ययोजनालाई सफल रूपमा अहिलेसम्म निरन्तरता दिँदै आएको छ ।






# विना सुईको स्विटर पाउँदा विद्यार्थी दंग



शिवगञ्ज(प्रस) । साना बालबालिकालाई खुसी बनाउन कुनै त्यस्तो ठूलो र अनौठो वस्तु दिनै पर्दैन । उनीहरूको जीवन र दैनिक व्यवहारमा आइपर्ने समस्याको समाधान वा खेलौना मात्र दियो भने बालबालिका त्यसै खुसी हुन्छन् ।

शुक्रबार शिवसताक्षी नगरपालिका वडा नम्बर ६ को सरस्वती आधारभूत विद्यालयका विद्यार्थी औधि खुसी देखिन्थे । उनीहरुको अनुहार विना मेकअप त्यसै चम्किएको थियो । बिना सूचना उनीहरूले जाडोमा लगाउने न्यानो स्विटर पाएपछि उनीहरू अप्रत्यासित खुसी भए । जहाँ खुशीको सीमा थिएन ।विद्यालय आएका विद्यार्थी बिहानको प्रार्थना सभा सकेर कक्षा कोठामा पसिसकेका थिए । वडा अध्यक्ष मनोज खुलाल कार्कीलगायतका जनप्रतिनिधिले एक बोरा जाडोमा लगाउने स्विटर लिएर विद्यालय हातामा प्रवेश गरे । वडा कार्यपालिकाले सो विद्यालयका विद्यार्थीलाई जाडोमा लगाउने स्विटर दिने कार्यतालिका विद्यालय प्रशासनलाई जानकारी दिएकै थिएन । एकैचोटि बिहान वडा अध्यक्ष खुलालले विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद भण्डारीलाई फोन गरेर नजिकका अभिभावकलाई विद्यालयमा बोलाउन अनुरोध गरेपछि मात्र उनले केही कार्यक्रम छ कि भन्ने शंका गरेका थिए ।

विद्यालयका प्रधानाध्यापक भण्डारीले भने, 'विद्यालय व्यवस्थापन समितिका अध्यक्षसहित नजिकका अभिभावकहरूलाई विद्यालयमा ११ बजे बोलाउन वडा अध्यक्षले अनुरोध गर्नुभएको थियो । हामीले ठान्यौं अनुगमन या कोही नेता विद्यालयको अवलोकन गर्न आउने होला भन्ने ठान्यौं ।'

प्रधानाध्यापक भण्डारीका अनुसार वडा अध्यक्षलगायतका जनप्रतिनिधि बोरामा स्विटर लिएर आएर कक्षा कोठामा प्रवेश गरेका विद्यार्थीलाई पुनः बाहिर निकालेर लाइन लगाउन भन्नुभयो । प्रधानाध्यापक भण्डारीले भने, 'त्यसै क्रममा विद्यार्थीहरूले स्विटर देखे र हामीलाई नै दिन ल्याएको होला भन्ठानेर सामूहिक ताली बजाए र उनीहरुले खुसी व्यक्त गरे ।

सो विद्यालयमा ११० जना विद्यार्थी अंग्रेजी माध्यमबाट पठनपाठन गरिरहेका छन् । विद्यालयमा भएको सरकारी दरबन्दीको जनशक्तिले मात्र थाम्न नसकेपछि दुईजना निजी स्रोतबाट शिक्षक थप गरिएको विद्यालय प्रशासनले जनाएको छ ।

वडाध्यक्ष खुलालले विद्यालयको शैक्षिक उन्नयनका निमित्त विपन्न अभिभावकका छोराछोरी अध्ययन गर्ने सो विद्यालयका विद्यार्थीलाई स्विटर प्रदान गरेको बताए । विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यालयका शिक्षक कर्मचारीले दत्तचित्त भएर विद्यालयको शैक्षिक गुणस्तर सुधार गरे अन्य थप कार्यक्रम पनि विद्यालयलाई प्रदान गर्ने वडा अध्यक्षले खुलालले बताए । कार्यक्रममा वडा सदस्य गीता दर्जी, गंगा ताजपुरिया र नरेन्द्र बस्नेतको सहभागिता थियो ।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमबहादुर बुढाथोकीको अध्यक्षतामा भएको थियो ।

# इलाम गोल्डकपको तयारी पूरा




झापा(प्रस) । दश लाख पुरस्कार राशिको इलाम गोल्डकपको तयारी पूरा भएको छ । रेडहर्स फुटबल क्लबको आयोजनामा ठूलो टुँडिखेलमा शनिवारदेखि यही मङ्सिर २९ गतेसम्म हुने प्रतियोगिताका सम्पूर्ण तयारी पूरा भएको क्लबका सचिव प्रकाश घिमिरेले बताए । बाह्र हजार दर्शक अटाउने प्यारापिट, मञ्चलगायतका सम्पूर्ण तयारी पूरा भएको तथा प्रतियोगितामा भाग लिन डिफेन्डिङ च्याम्पियन न्युरोड टिम (एनआरटी) र सङ्कटा क्लब इलाम आइसकेका छन् । प्रतियोगितामा भिड्ने त्रिभुवन आर्मी, चर्च ब्वाइज, झापाको रेड स्टार, मच्छिन्द्र, दार्जिलिङको जिटिएका खेलाडी आउन बाँकी छ । स्पर्धामा आयोजक रेड हर्स क्लब पनि सहभागी हुनेछ ।

उक्त क्लबले गत वर्ष पहिलोपटक प्रतियोगिता आयोजना गरेको थियो । विजेताले उपाधिसहित नगद रु. १० लाख र उपविजेताले रु. पाँच लाख पुरस्कार पाउनेछन् । विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई रु. २५ हजार नगद प्रदान गरिनेछ ।


## श्री माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

**बिर्तामोड- ४ झापा**

## साधारण सभा सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१ / ०८ /२२**

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड झापाको मिति २०८१/०८/०१ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा संस्थाको १६औं वार्षिक साधारण सभा हुने भएकाले शेयर सदस्य ज्यूहरुलाई उपस्थितिका लागि पत्राचार गरिएको छ । केही कारणबस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी प्रतिनिधित्व गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

**कार्यक्रम हुने मिति, समय र स्थान :**

मिति :-२०८१/०९/२२ गते सोमबार

समय : विहान १०:३० देखि

स्थान : अतिथि सदन, बिर्तामोड

**अध्यक्ष**

**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

**बिर्तामोड, झापा**

**फोन नं. : ०२३-५३२२३२**



## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०८।२२)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः मुख्य शाखा कार्यालय बिर्तामोड**<br>**ऋणीः** छविलाल प्रसाईको नाति, मदन कुमार प्रसाईको छोरा नागरिकता वमोजिम झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०५, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०१, बस्ने मिति २०६५/०२/१४ मा जिल्ला प्रशासन कार्यालय, झापा बाट जारी गरिएको ना.प्र.प.नं. १०१४/६२५ भएको बर्ष ३३ को **सुदिप प्रसाई ।**<br>**व्यक्तिगत जमानीकर्ताः**<br>नाम :लक्ष्मी देवी चुडाल<br>बाबु : भवानी प्रसाद चुडाल<br>पति : मदन कुमार प्रसाई<br>ना प्र नं : ४२३१५६६१ (झापा २०४४/१२/२६)<br>ठेगानाः झापा जिल्ला, जलथल गा.वि.स., वडा नं. ०६, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०१, बस्ने । | **आवास कर्जा** | सुगम हाउजिङ प्रा.लि. को नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा, दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. २ स्थित कि.नं. ४७३, ४७४ र १५७ मो क्षेत्रफल क्रमशः(१०१५।०० ब.मी.), (१०२६०।०० ब.मी.) र (६८०।०० ब.मी.) गरि कुल क्षेत्रफल (११,९५५।००) (अक्षरमा एघार हजार नौं सय पचपन्न ब.मी.) मध्येबाट सुगम हाउजिङ प्रा.लि. र ऋणीबीच मिती २०७७/०९/०६ गतेको खरिदबिक्री संझौता बमोजिम ३१९.०९ ब.मी. क्षेत्रफल र सो क्षेत्रफलमा निर्माणधीन घर (N–5) र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**



## सुरक्षित अन्न भण्डारण गरौं

- **भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,**
- **अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,**
- **भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,**
- **स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौ,**
- **भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,**
- **अन्न भण्डारको समय-समयमा निगरानी गरौं,**
- **अन्न् भण्डारमा लाग्ने घुन, किराहरुको ब्यवस्थापन्का लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# ओलीको चीन यात्रा कति सफल ?

प्रधानमन्त्री केपी शर्मा ओली उत्तरको छिमेकी मुलुक चीनको चार दिने औपचारिक भ्रमण सफलतापूर्वक सम्पन्न गरी बिहीबार स्वदेश फर्केका छन्। चीन प्रस्थानअघिका अलमललाई चिर्दै चीनसँग बेल्ट एन्ट रोड इनिसियटिभ (बिआरआई) सहकार्य फ्रेमवर्कमा बुधबार हस्ताक्षर हुनु भ्रमणको सफलता दावी गरिएको छ । चीनले अघि सारेको बिआरआई परियोजनामा संलग्न हुन नेपालले सन् २०१७ मै हस्ताक्षर गरिसकेको हो। मित्र मुलुकसँग यस्ता पक्षमा हस्ताक्षर गरिसकेपछि त्यसको कार्यान्वयनतर्फ बेलैमा लाग्न सकेको देखिएन। त्यसैकारण फ्रेमवर्कमा हस्ताक्षर गर्न करिब सात वर्ष लाग्नुले हाम्रो निर्णय क्षमतामाथि प्रश्न गरेको छ।

प्रधानमन्त्री ओली भ्रमणमा जाने तय भएपछि मुलुक बिआरआईअन्तर्गत ऋण लिने र नलिने गरी दुई कित्तामा बाँडिएको थियो। सत्तारुढ नेपाली कांग्रेस र नेकपा (एमाले)का नेताहरूले यसमा सार्वजनिक अभिव्यक्ति दिएका थिए। कुनै एउटा छिमेकी मुलुकलाई लक्षित गरी ऋण लिने वा नलिने भनी गरिएको बहस आफैंमा अस्वाभाविक हो। यसले चिनियाँ नेतृत्वलाई समेत असहज बनाएको हुनुपर्छ। ऋण, सहयोग वा अनुदान जे लिने हो त्यसलाई सडकले निर्धारण गर्नेभन्दा पनि सरकार र प्रमुख विपक्षमा रहने दलले दुई मुलुकबीचको सम्बन्धको संवेदनशीलता हेरेर निर्णय गर्नुपर्छ। हिजो अमेरिकासँग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अन्तर्गत अनुदान लिने विषयलाई सडकमा उचालिएको विषय होस् वा आज बिआरआई, दुवै असान्दर्भिक पक्ष हुन्। देशको आवश्यकताका आधारमा मित्र मुलुकहरूसँग व्यवहार गर्न सिक्नु उत्तिकै आवश्यक छ। हरेक कूटनीतिक सम्बन्ध र विषय आन्तरिक खुद्रा राजनीतिका विषय बन्न सक्दैनन्।

यसपटकको भ्रमणका क्रममा पनि बिआरआई फ्रेमवर्कमा हस्ताक्षर हुन नसकेको भए स्वाभाविकरूपमा प्रधानमन्त्री ओलीको आलोचना हुने थियो। कांग्रेस सभापति शेरबहादुर देउवासँग समन्वय गरेरै यो विषयलाई उनले छिचोलेका छन्। चीन भ्रमणमा जानुअघि दुवै सत्तारुढ दल कांग्रेस र एमालेले फ्रेमवर्कका लागि तयारी गरेका थिए। यो तयारी ढिलै भए पनि काम सम्पन्न हुन सक्नु सन्तोषको विषय हो। यसले हाम्रो क्षमता विकास हुँदै गएको संकेतसमेत गरेको छ।

बिआरआई सहकार्य फ्रेमवर्कमा टोखा–छहरे सुरुङमार्गलगायत १० वटा परियोजना छनोट भइसकेका छन्। सहमतिअनुसार ऋण र अनुदान दुवै स्वीकार्य हुने भएको छ। ऋण भन्नाले सहुलियतपूर्ण ऋण नै भन्ने हो। हाम्रो नीतिगत व्यवस्थाले महँगो ऋण लिने अनुमति दिएको छैन। नेपालले विभिन्न मुलुक र बहुपक्षीय संस्थाहरू विश्व बैंक, एसियाली विकास बैंकलगायतसँग सहुलियतपूर्ण ऋण लिएर काम गर्दै आएको छ। यसकारण चीनसँग पनि त्यसरी नै ऋण लिएर भए पनि विकासका काम गर्न तत्पर हुनु स्वाभाविक हो। तर लिएको ऋणले मुलुकमा आर्थिक उन्नति हुने अवस्था सिर्जना हुनु पहिलो शर्त हो। ऋणको पासोमा पर्ने गरी काम गर्न हुँदैन भन्ने सोच र समझदारी नेपालमा आइसकेको बुझ्न सकिन्छ। स्वदेश फर्केपछि प्रधानमन्त्री ओलीले ऋणको विषय नउठेको टिप्पणी गरिसकेका छन्।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उपनिर्वाचनले दिएको सन्देश


• डा. शोभाकर पराजुली

लोकतन्त्रको विकल्प भनेको अझ उन्नत लोकतन्त्र नै हो । त्यसको झन् सुन्दर अभ्यास भनेको चुनावी मैदानमै हुन्छ । बहुसांस्कृतिक, बहुभाषिक र सामाजिक विविधतालाई एउटै भावनामा बाँधिएका समुदायको सिङ्गो रूप नै लोक हो । जसले आमनागरिकलाई जनाउँछ । त्यसलाई एउटै पद्धतिको डोरीमा बाँध्ने प्रणाली भनेको 'तन्त्र' हो । त्यसको सामूहिक रूप भनेको लोकतन्त्र हो । लोकतन्त्रको अन्तर्य वा त्यसको सौन्दर्य भनेकै जनताको सामूहिक भावना हो । जहाँ जनताको मानव अधिकार र निजी अधिकार सुनिश्चित हुन्छन्, त्यसैले शासनपद्धतिको सुन्दरता प्रतिनिधित्व गर्छ ।

राज्यको मूलधारमा त्यसको भूगोल, क्षेत्र र वर्गको प्रतिनिधित्वले मात्रै लोकतन्त्रलाई अझ उन्नत बनाउँदै लैजान्छ । त्यसैले हामीले अपनाएको समावेशी लोकतान्त्रिक पद्धति हो । लोकतन्त्रमा हरेक नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने सार्वभौम अधिकार रहन्छ । त्यसलाई लोकतान्त्रिक राज्यले आफ्नो संविधानमै सुनिश्चित गरेको हुन्छ । जसलाई हामीले मौलिक अधिकार पनि भन्दछौं । उमेर पुगेका बालिग नागरिकले त्यो अधिकार जन्मसिद्ध नै प्राप्त गरेका हुन्छन् । त्यसैले लोकतन्त्रको जति सुन्दरता चुनाव हो त्योभन्दा धेरै यो भनेको लोकतन्त्रको एउटा आधारभूत मानक पनि हो । आमचुनाव भएको करिब दुई वर्षपछि नेपालमा फेरि उपचुनाव सम्पन्न भएको छ । देशभरका स्थानीय चुनावमा विभिन्न कारण रिक्त रहेका ४४ स्थानमा शान्तिपूर्ण रूपमा उपचुनाव भएको छ ।

गत २०७९ सालमा भएको आमचुनावका बेला नेपाली कांग्रेस, नेकपा माओवादी र नेकपा एसलगायतले चुनावी गठबन्धन गरेका थिए । त्यो चुनावमा कांग्रेसले देशभरि धेरै सिट जितेर सबैभन्दा ठुलो दल बन्न सफल भयो । त्यसपछिका दिनमा सत्ता समीकरणहरूमा धेरै उथलपुथल भए । कतिपय अवस्थामा संसद्को सबैभन्दा ठुलो दल कांग्रेस सरकार बाहिर रहनु पर्‍यो । बहुदलीय व्यवस्थामा यस्ता सत्ता समीकरणमा हरेक राजनीतिक दलले त्यस्तो नियति भोग्नै पर्छ । त्यसमा पनि त्यो चुनावबाट उदाएका अरू नयाँ दलको सामाजिक 'क्रेज' ले ठुलो दललाई एक प्रकारको धक्का पक्कै दिएको थियो ।

स्थानीय निर्वाचनबाटै चलिरहेको 'स्वतन्त्र' लहर अनि 'नयाँ' अनुहारहरूले रैथाने दलहरूलाई चुनौती दिएकै हुन् । तथापि मतदाताले ठुला दललाई उत्तिकै विश्वास गरेका थिए । राजनीतिमा नयाँ पुस्ता वर्जित हुनुहुन्न । त्यसले बहुदलीय, संसदीय पद्धति अपनाएको एउटा राज्यमा राजनीतिप्रति नयाँ पुस्ताको भावलाई पनि सकारात्मक सन्देश प्रवाह गर्न सक्छ र राज्यव्यवस्थामा नयाँ ऊर्जा अनि उत्साह थपिन सक्छ । 'पपुलिज्म' ले क्षणिक रूपमै भए पनि राजनीतिक सिद्धान्त र आदर्शलाई केही धक्का दिन सक्छ । अन्ततः त्यो भनेको हाम्रो जस्तो उदार लोकतन्त्र भएको राज्यका लागि दीर्घकालमा घातक पनि हुन सक्छ । त्यो आमचुनावपछिका केही घटना र परिघटनाले त्यसको छनक विम्बित गरिसकेका छन् ।

उपचुनावमार्फत आममतदाताले फेरि एक पटक पुराना र राजनीतिक इतिहास बोकेका स्थापित दलहरूमाथि विश्वास गरेको देखिन्छ । यद्यपि अरू साना र नयाँ दलले आआफ्नो प्रभावयुक्त क्षेत्रमा चुनाव जितेका पनि छन् । मतदाताको त्यो मतलाई सम्मान गर्नै पर्छ । हरेक नागरिकका हरेक मत उत्तिकै महत्त्वपूर्ण हुन्छन् र लोकतन्त्रमा त्यसको सम्मान पनि हुनु पर्छ । लोकतन्त्रको एउटा मर्म भनेको त्यो पनि हो कि मतदाताको मत भनेको मात्रै 'एक' भोट होइन त्यो हरेकको आफ्नो आत्मसम्मान पनि हो । तथापि यो उपचुनावमा देखिएको मत र त्यसको परिणामले अलि फरक सन्देश दिएको छ । त्यो भनेको के हो भने पुराना दलप्रति नागरिकको विश्वास र भरोसा कायमै छ । यसअघि भएका चुनावमा पनि त्यस्तो देखिएकै हो कि ठुला र पुराना दल अनि नेताहरूप्रति नागरिकको आक्रोश थियो । एक प्रकारले राजनीति र राजनीतिक दलप्रति आमरूपमा निराशा, आक्रोश र असन्तोष बढिरहेका बेला फेरि एक पटक उपचुनावको परिणामले त्यो विश्वासलाई जगाउन खोजेको छ । हरेक नागरिकको मत भनेको कसैले चुनाव जित्ने वा जिताउने साधन मात्रै होइन बरु राज्यप्रणालीमा उसको आफ्नो प्रतिनिधित्व पनि हो । उसले आफ्नो मतमार्फत देश विकासका लागि आफ्ना प्रतिनिधिलाई दिएको एउटा विश्वासको मत पनि हो त्यो । अहिले उपचुनावमार्फत नागरिक वा भनौं आममतदाताले दिएको सन्देश पनि त्यही हो कि अबका दिनमा दलहरू अझ धेरै उत्तरदायी बनून् र नागरिकको भरोसा नतोडून् भन्ने पनि हो । तसर्थ लोकतन्त्रमा हरेक नागरिकको प्रत्येक मत एउटा जनप्रतिनिधका लागि सुधारिनका लागि हानिएको एउटा त्यसो झापड हो जसले उनीहरूलाई आफ्नो कर्तव्य सम्झाइरहन्छ । बेला बेला राज्य र नागरिकप्रति उसको कर्तव्यले झस्काइरहन्छ । जब राजनीतिक दलहरूले त्यसरी झस्किन बिर्सिन्छन् अनि स्पस्ट हुन्छ उनीहरूबाट नागरिक भरोसा उडिसकेको हुन्छ ।

२०६२/६३ को जनआन्दोलन र त्यसपछिको परिवर्तनपछि देशमा राज्यव्यवस्था अनि राज्यप्रणाली पनि बदलिएका छन् । हामी राजतन्त्र हटाएर गणतन्त्रात्मक व्यवस्थामा पुगेका छौं । एकात्मक र केन्द्रीकृत शासन प्रणालीलाई खारेज गरेर संघीयतामा प्रवेश गरेका छौं । संघीयता र त्यसपछिका दुई वटा संविधान सभापछि हामीले संघीय प्रणालीका दुई आमनिर्वाचन सकेका छौं । सङ्घीयताको अभ्याससँगै करिब २० वर्षपछि स्थानीय तहमा पनि चुनाव भएका छन् । दुई दशकसम्म देशको आन्तरिक द्वन्द्व अनि अनेक राजनीतिक उथलपुथलबाट आजित नागरिकले त्यसपछि मात्रै आफ्ना घरआँगनमै आफ्ना प्रतिनिधि छान्ने मौका पाए ।

यिनै पदमा रिक्त भएका ठाउँमा फेरि मतदाताले आफ्ना नयाँ प्रतिनिधि छानेका छन् । संघीयतापछि देशमा रहेका तीन तहका सरकार (स्थानीय, प्रदेश र संघ) का आआफ्नै जिम्मेवारी छन् । आआफ्नै काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र छन् । तिनका पनि आआफ्नै संवैधानिक सीमारेखा कोरिएका छन् । तीन तहकै काम, कर्तव्य र अधिकारको सामञ्जस्यताले नै संघीयताको सुन्दरता झल्काउँछ ।

आमनागरिकसँगको अन्तरङ्ग सम्बन्ध स्थापित गर्न र राज्यप्रणालीसँग उनीहरूको अपनत्व महसुस गराउनका लागि स्थानीय सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । हामीले परिकल्पना गरेको 'गाउँ गाउँमा सिंहदरबार' को विम्ब पनि त्यही नै हो । शासन सत्ताको केन्द्रीयतामा रहेको सिंहदरबारलाई जनताको घरआँगनमै स्थापित गर्न मतदाताले चुनेका जनप्रतिनिधिले उनीहरूको भावना अनुसार काम गर्न सक्नु पर्छ । यद्यपि 'सिंहदरबार' का आआफ्नै विम्ब र प्रतिविम्ब छन् । सकारात्मक /नकारात्मक दुवै छन् । संघीय प्रणालीको सबैभन्दा महत्वपूर्ण अङ्ग भनेका पनि तिनै स्थानीय सरकार हुन् । जो जनताको घरआँगनमै रहेर सेवा दिइरहेका हुन्छन् । तसर्थ स्थानीय सरकारलाई बलियो र स्थायित्व दिनका लागि संघले पनि कन्जुस्याइँ गर्नु हुँदैन भन्ने हो । लोकतन्त्रमा निर्वाचन भनेको जनताको एउटा त्यस्तो मौलिक र सार्वभौम अधिकार हो जहाँ नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने मात्रै होइन बदल्ने पनि अधिकार रहन्छ । त्यो भनेको नागरिकको राजनीतिक चेतनाको स्तरमा भर पर्छ । एउटा चुनावमा छानिएका प्रतिनिधिले राम्रो काम गरेनन् भने हरेक मतदातालाई अर्को चुनावमार्फत ती प्रतिनिधि बदल्ने अधिकार हुन्छ । हरेक मतदाताले गर्नुपर्ने त्यसको सही र विवेकपूर्ण प्रयोगले लोकतन्त्रलाई अझ सुन्दर र तन्मय बनाउन मद्दत गर्छ । तसर्थ चुनाव भनेको लोकतन्त्र निखार्ने भनौं वा तिखार्ने एउटा प्रभावकारी हतियार हो । त्यसको सही प्रयोगले देश अनि हाम्रा पुस्ताको भविष्य निर्माणमा महत्त्व राख्छ भने अनेकन प्रकारले हुने मतको दुरुपयोगले राज्य व्यवस्था नै उल्टाउन पनि सक्छ ।

अबको तीन वर्षमा फेरि आमचुनाव हुने छ । राजनीतिक दलहरूले अहिलेदेखि नै 'मिसन-८४' पनि सुरु गरिसकेका छन् । अघिल्लो चुनावमा पाएको मत परिणाम अनि त्यसको गहिरो र मसिनो विश्लेषण गरेर मात्रै दलहरूले त्यो परिणामलाई सुधार्न सक्छन् । स्थानीय तहमा हालै मात्र भएको चुनावी परिणामले पनि दलहरूलाई त्यस्तै सन्देश दिएको छ । यो मत परिणामले स्पस्ट पारेको छ कि ठुला र इतिहास बोकेका राजनीतिक दलमाथि अझै नागरिकको पूर्ण भरोसा उडिसकेको छैन । नागरिकलाई अझै विश्वास छ कि, हरेक मतदातालाई आत्मामा राखेर काम गर्ने हो भने यिनै दलहरूले नै देशको नयाँ भविष्य रेखा कोर्न सक्छन् । किनकि बहुदलीय संसदीय व्यवस्थामा न दलहरूको विकल्प छ नि लोकतन्त्रको । जित्नेहरूले विजयको उन्मादमा आफ्ना बाचा नभुल्ने र पराजित भएर पनि निराश नहुने संस्कार अपनाउँदै गयो भने त्यसले यो व्यवस्थामा नयाँ राजनीतिक संस्कृतिको विकास हुन सक्छ । यो निर्वाचनबाट दलहरूले यस्तै पाठ सिकेर जनतासँगै रहने हो आगामी चुनावी परिणाम अझ फलदायी हुने छ ।

# आर्थिक अभियानमा निजी क्षेत्र


• भरत गौतम

राज्यमा सुशासन, नागरिकमा अनुशासन र व्यवसायका लागि कुशल व्यवस्थापन शासकीय व्यवस्था प्रभावकारी बनाउने रणनीतिक अस्त्रका रूपमा लिइनु पर्छ । नागरिकको सेवा प्रवाहमा अधिकार र शक्तिको दुरुपयोग, पक्षपातपूर्ण कार्य अनावश्यक ढिलासुस्ती गरी अधिकारको दुरुपयोग गर्ने विषयमा गुनासो सुन्ने र निरोधात्मक एवं नियन्त्रणात्मक प्रक्रियाबाट सुशासनको प्रत्याभूति गर्न तटस्थ र निष्पक्ष निकायका रूपमा ओम्युडस्म्यानको व्यवस्था गरिएको पाइन्छ । शासकीय कार्यकुशलता बढाई जनविश्वास आर्जन गर्न यस्ता निकाय जरुरी पनि हुन्छ ।

नेपालमा विसं २०१९ देखि ओम्युड्स्म्यानका रूपमा अख्तियार दुरुपयोग निवारण आयोग गठन भई हाल संवैधानिक अङ्गका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तटस्थ निकायका रूपमा स्थापित छ । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरुपयोग गरी सेवा प्रवाहमा प्रतिकूलता देखिए आयोगले कानुनबमोजिम अनुसन्धान गरी कारबाही वा दण्ड सजायका लागि अभियोजन दर्ता गर्न सक्छ । आयोगले महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पद मुक्त भएपछि मात्र कानुनबमोजिम अनुसन्धान गर्न गराउन सकिने व्यवस्था छ ।

नेपाल सरकार अख्तियार दुरुपयोग अनुसन्धानका लागि संघीय कानुन तर्जुमा गर्ने चरणमा छ । प्रस्तुत कानुन ल्याउन ढिला भएकाले संघीय प्रणालीमा समस्या पनि देखिएका छन् । कानुन तर्जुमाको चरणमा विभिन्न विषयमा चर्चा परिचर्चामा अख्तियारको कार्य क्षेत्रभित्र निजी क्षेत्र पर्ने/नपर्ने विषयमा केन्द्रित भई संसद् र संसदीय समितिमा भएको बहसले एउटा निचोडमा पुगेको सूचना सार्वजनिक भएको छ ।

सामान्यत निजी क्षेत्र लगानी गरी जोखिम वहन एवं प्रतिस्पर्धाबाट नाफा वा नोक्सानका लागि तत्पर हुनु पर्छ । प्रथम लगानी, दोस्रोमा जोखिम वहन र प्रतिस्पर्धा, तेस्रोमा उत्पादन र रोजगारी सिर्जना, चौथोमा गुणस्तर र उपभोक्ता हित, एवं बजार व्यवस्थापनको कौशलबाट आफ्नो हित प्रवर्धन गर्न निजी क्षेत्र सक्रिय रहेको हुन्छ । लगानीको वातावरण अनुकूलतामा मात्र नाफा वा सफलता प्राप्त हुन सक्छ । लगानीको सहज वातावरणको मुख्य पक्ष नीतिगत व्यवस्था हो । विश्वव्यापी मान्यता पनि निजी क्षेत्रको प्रभावकारिता बढाउन निजी क्षेत्रमैत्री वातावरण भएमा मात्र आर्थिक गतिविधि सकारात्मक दिशातिर जान अनुकूल हुन्छ । कानुनी रूपमा नियन्त्रणात्मक भन्दा प्रवर्धनात्मक रूपमा निजी क्षेत्रलाई हेरिनु पर्छ ।सामान्य कानुनको परिधिभित्र सबै नागरिक र गैरनागरिक पर्ने तर विशेष कानुनले क्षेत्र विशेषको विषयमा पनि जोड दिएको पाइन्छ । व्यावसायिक प्रवर्धन गर्न कार्यान्वयनमा रहेका कानुन आवश्यक हुँदा नियन्त्रण गर्न पनि कानुन कार्यान्वयनमा रहेका हुन्छन् । निजी क्षेत्रसँग बढी सम्बन्धित नीतिमा राजस्वको हिना मिना भए राजस्व चुहावट तथा नियन्त्रण गर्ने कानुन, सार्वजनिक ठेक्काका लागि सार्वजनिक खरिदसम्बन्धी कानुन, वित्तीय अपराध नियन्त्रण गर्न बैङ्क तथा वित्तीय व्यवस्थासम्बन्धी कानुन, सम्पत्तिको अवैधानिक स्रोतको नियन्त्रण गर्न सम्पति शुद्धीकरण नियन्त्रण ऐन, उपभोक्ताको हक स्थापित गर्न उपभोक्ता हितसम्बन्धी कानुन, काला बजारी रोक्न कालाबजार नियन्त्रण ऐन जस्ता प्रतिनिधिमूलक कानुन कार्यान्वयनमा रहेका छन् । व्यापार व्यवसायको प्रवर्धन र नियन्त्रण गर्न पनि करिब आधा दर्जन कानुन कार्यान्वयनमा रहेका छन् । जसले निजी क्षेत्रको नकारात्मक पक्षको रोकथाम र नियमन गर्न सहयोग भएकाले अन्य झन्झटमा राखिनु हुन्न भन्ने मान्यता छ ।

प्रस्तुत कानुन र कार्यान्वयन प्रक्रियाको परिणामले निजी क्षेत्र कानुनको परिधिभित्र रही आफ्नो व्यापार व्यवसाय गरिरहेको अवस्था यद्यपि छ । कानुनी तहभन्दा नजिक नैतिक र व्यावसायिक उत्तरदायित्व रहेको हुन्छ । अहिले राज्यले भोग्नु परेको समस्यामा सहकारीको अपचलनको समस्या देखिएको छ । सहकारी ऐनले व्यवस्था गरेका प्रावधानको कार्यान्वयन र अनुगमनको पाटो कमजोर देखियो भने प्रदेश र स्थानीय तहले सहकारीको आफ्नो क्षेत्रभित्रको सहकारीको मर्म अनुसार समयमै कानुनी स्वरूप दिन र सहकारीको नियमन गर्न नसक्दा सहकारीमा भद्रगोल देखिन पुग्यो । यस्ता घटना शासकीय कमजोरीका कारण भएकाले अख्तियारको क्षेत्राधिकारमा निजी क्षेत्रलाई पनि राख्नु पर्ने बहस चल्यो । पछिल्लो समय निजी क्षेत्र र सरकारबिच विभिन्न विषयमा द्वन्द्व देखिए । सहकारीको विकृति, एनसेल प्रकरण, विद्युत् प्राधिकरण र निजी क्षेत्रबिच विद्युत् महसुल बुझाउने विषय, सरकारी जग्गाको भोगचलनका विषय, राज्यलाई बुझाउनुपर्ने राजस्वलगायतका विषयमा निजी क्षेत्रप्रति जनताको चासो बढेका कारण पनि निजी क्षेत्रप्रति लगाम लगाउनुपर्ने धारणाले अख्तियारको क्षेत्राधिकारभित्र निजी क्षेत्र पनि पर्नु पर्ने दबाब देखियो ।

निजी क्षेत्रले सरकारसँग सम्झौता गरी सार्वजनिक निर्माणका काममा प्रभावकारिता न्यून भई जनगुनासो बढ्दो भएकाले निजी क्षेत्रको आलोचना भइरहेको छ । निजी क्षेत्र क्रोनोक्यापिटालिज्ममा रमाउने गरेकाले व्यावसायिक कुशलतामा ह्रास आएको र व्यावसायिक क्षमताको सकारात्मक पाटो कमजोर देखिएकाले संसद्मा निजी क्षेत्रको विषयमा जोडदार रूपमा कुरा उठे । यसरी अर्थतन्त्रको मेरुदण्ड मानिने निजी क्षेत्रको भूमिकामा बहस हुनु सकारात्मक रूपमा लिनु पर्छ ।

सार्वजनिक सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता र साझेदारी भएका छन् । सरकारको भन्दा कार्यकुशलता भएका काममा निजी क्षेत्र प्रभावकारी पनि देखिएको पाइयो । सरकारले कार्य क्षेत्रको अवस्था हेरी कार्य सम्पादन गर्न करार, परामर्श र ठेक्का प्रणालीबाट निजी क्षेत्रसँग सहकार्यमा कतिपय काम भइरहेको छ । सिद्धान्त त सार्वजनिक सेवाको मुख्य जिम्मेवारी सरकारको भएको र सरकारका जिम्मेवार व्यक्तिले अख्तियारको दुरुपयोग भएमा तटस्थ संस्थाले त्यसको अनुसन्धान गरी कारबाहीका लागि प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ । सरकारसँग काम गर्दा जोडिएका विषयमा निजी क्षेत्र पनि संलग्न भएकाले अनुसन्धान र अभियोजनबाट निजी क्षेत्रसमेत सजायको भागीदार भएका घटना पनि छन् । यस्ता घटना सरकारी कर्मचारी वा पदाधिकारीसँगको गलत सम्बन्धका कारण भएका हुन्छन् ।

विश्वका विभिन्न देशमा निजी क्षेत्रको सार्वजनिक जवाफदेहिता र जिम्मेवारी भए पनि लगानी, जोखिम वहन, प्रतिस्पर्धा र बजार व्यवस्थापनका कार्य कुशलताका लागि फरक तरिकाले हेर्ने गरिएको पाइन्छ । निजी क्षेत्रको प्रवर्धनमा बढी ध्यान दिइएको तर नियन्त्रण प्रणालीमा पनि विभिन्न नीतिगत व्यवस्था भएको देखिन्छ । प्राय ओम्युड्स्म्यान जस्तो संस्थाले निजी क्षेत्रको दायरामा हस्तक्षेप भएको कम देखिएको छ ।

नेपालमा निजी क्षेत्रलाई अख्तियार अनुसन्धानको दायरामा ल्याउन भएका बहसको राम्रो पक्ष र नराम्रो पक्ष देखिए । सहकारी संस्थाको बचतको हिनामिना, कतिपय विषयमा द्वन्द्वात्मक अवस्था र निजी क्षेत्रको व्यावसायिक क्षमताको ह्रास एवं जोखिम बहन गर्ने क्षमता कमजोर भएको र निजी क्षेत्र आर्थिक विकासका लागि मुख्य भूमिका रहने र सरकारले निजी क्षेत्रको क्षमता विकास गर्न सकारात्मक पहलको जरुरी देखिन्छ । व्यवसायजन्य कानुनको पालना गरी आफ्नो कर्ममा सक्रियता हुन नीतिगत अवरोध गरिनु हुँदैन । ओम्युड्स्म्यान जस्ता निकायको दायरामा प्रत्यक्ष राख्न खोजिएमा लगानी, उत्पादन र राजगारी सिर्जना गर्ने भूमिका साँघुरो हुन सक्छ । क्रोनोक्यापिटालिजममा विश्वास गर्ने, सरकारका नीतिगत कमजोरीका छिद्रबाट लाभान्वित हुन खोज्ने, जोखिम वहन गर्ने कर्मबाट पलायन हुने, राज्यसँग लिएका कामको जिम्मेवारीको वहन नगर्ने, आम्दानी अनुसारको राष्ट्रिय योगदानमा ध्यान नदिने, प्रतिस्पर्धाको गलत उपयोग गर्ने, उपभोक्ताको हितविपरीतका काम गर्ने, नवप्रवर्तन र प्रविधिको गलत उपयोग गर्ने जस्ता विकृतिमा भने राज्य कठोर हुनु पर्छ । सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा निजी क्षेत्रलाई प्रत्यक्ष त नराखी उपभोक्ताप्रति उत्तरदायी र जवाफदेहीमा भने निजी क्षेत्र जिम्मेवार बन्नु पर्छ । विदेशी लगानीका लागि पनि नीतिगत अवरोध भए आकर्षण कमजोर भई आर्थिक विकासमा बाधा देखिन सक्छ ।

राज्यले सदाचार, स्वच्छ र जिम्मेवार व्यावसायिक वातावरण बनाउन आवश्यक छ । न कि अवरोध र असहज वातावरण बनाई आर्थिक अवसरलाई कमजोर बनाउन अनावश्यक नीतिगत झन्झट । हालै नेपालको कन्ट्री रेटिङमा समेत देशको सकारात्मक अवस्था देखिएकाले आर्थिक अभियानमा निजी क्षेत्रले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । कतिपय विषयमा सरकार र निजी क्षेत्रबिच द्वन्द्व रहेको अवस्था पनि छ, यस्तो वातावरण सिर्जना हुन नदिन दुवै पक्ष जिम्मेवार हुनु पर्छ । निजी क्षेत्र उत्तरदायी, जवाफदेही, पारदर्शी एवं जिम्मेवार हुन र कानुनी राज्यको असल अभियान बनाउन व्यावसायिक इमानदारिता र मेहनतको खाँचो छ । नेपालको आर्थिक अवस्थाको सुधार गरी विकासशील देशमा स्तरोन्नतिपछि अवसरको चलाखीपूर्ण उपयोग गर्न नीतिगत सहजताको अझ खाँचो देखिएको छ । यसका लागि निजी क्षेत्रको महत्वपूर्ण भूमिका बिर्सनु हुन्न ।

# शिक्षकलाई मासिक तलब भत्ता उपलब्ध गराउन निर्देशन

झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिक्षकहरूको तलब भत्ता मासिक भुक्तानीको व्यवस्था गर्न स्थानीय तहहरूलाई परिपत्र गरेको छ ।
'शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्था' आवश्यक जानकारी तथा कार्यार्थ भन्दै मन्त्रालयले स्थानीय तहहरूलाई परिपत्र गरेको हो ।
यसअघि शिक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रकाशन मन्त्रालयलाई शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै




शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहमा परिपत्र गर्न भन्दै पत्र पठाएको थियो । शिक्षा मन्त्रालयले गत सोमबार पठाएको पत्र अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्र गरेको हो ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकहरूलाई मासिक रूपमा तलब निकासा गर्न स्थानीय तहहरूमा ताकेता गर्दै आएको थियो । देशभरका ७५३ वटै पालिकालाई सूचना जारी गर्दै केन्द्रले शिक्षकको तलब मासिक रूपमा भुक्तानी हुने व्यवस्था मिलाउन केन्द्रले भन्दै आएको थियो ।

# कोशीमा लगानी सम्मेलनः एक खर्बको एमओयू गर्ने लक्ष्य

झापा(प्रस) । कोशी प्रदेश सरकारले आगामी माघ ११, १२ र १३ गतेका लागि लगानी सम्मेलन गर्ने प्रारम्भिक मिति तय गरेको छ । उक्त मिति फेरबदल पनि हुनसक्ने मुख्यमन्त्री कार्यालय स्रोत बताउँछ । तर, प्रदेश सरकारले लगानी सम्मेलनको तयारी गरिरहेको छ ।
लगानी सम्मेलनबाट झण्डै एक खर्ब बराबरका परियोजनामा लगानी सम्झौता (एमओयू) गर्ने लक्ष्य रहेको कोशी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डाक्टर सरोज कोइराला बताउँछन् । अधिकतम लगानी ३२ करोड रुपैयाँदेखि न्यूनतम १० करोड रुपैयाँसम्मका ६५ देखि ७० वटासम्म परियोजनालाई हामीले देखाउन लागेका छौं,' कोइरालाले भने, 'ती परियोजनाहरू साढे २ खर्ब बराबरका छन् । हामीले लगानी सम्मेलनमा १ खर्बको हाराहारीमा एमओयू गर्ने लक्ष्य छ ।'
कोइरालाका अनुसार कृषि, पर्यटन, उद्योग, ऊर्जा, आइटी र पूर्वाधार क्षेत्रका परियोजना अघि सारिएको छ । छनोट हुने परियोजनाको बारेमा लगानीकर्तासँग अहिले पनि छलफल भइरहेको कोइराला बताउँछन् ।
संघ सरकारले पनि लगानी सम्मेलन गर्दै आएको छ । कोशी प्रदेशमा यस प्रकारको सम्मेलन पहिलो पटक हुन लागेको हो । त्यस्ता लगानी सम्मेलनमा खर्बौं रुपैयाँ लगानी गर्ने सम्झौता हुन्छ । तर, लगानी भने केही अर्ब मात्रै आउँछ । 'प्रदेशको लगानी सम्मेलनमा १ खर्बको सम्झौता गर्ला । तर, कार्यान्वयन नहोला नि ?' भन्ने प्रश्नमा कोइरालाले भने, 'यसमा हामीले यथेष्ट होमवर्क गरेका छौं । केन्द्रका पुराना लगानी बोर्डका सीइओहरूसँग पनि सम्वाद गरेका छौं । हामीले परियोजनालाई परियोजनास्थलमै लगेर शोकेसिङ गर्नेभन्दा पनि अहिलेदेखि नै सम्भावित लगानीकर्तासँग सम्पर्क गरिरहेका छौं ।'
अहिलेदेखि नै पूर्व तयारीमा लागेको जानकारी दिँदै उनले सम्भावित लगानीकर्तालाई परियोजनाका बारेमा बुझाउने काम भइरहेको बताए । 'केन्द्रको लगानी सम्मेलनमा एउटा




समझदारी पत्रमा हस्ताक्षर हुने, अर्को प्रतिबद्धता व्यक्त गर्ने हुँदो रहेछ,' उनले भने, ' हामीले चाहिँ बाचा कम गर्ने र १ खर्ब लगानी गर्ने समझदारी पत्र (एमओयू)मै हस्ताक्षर गर्ने तयारी गरेका छौं ।'
प्रदेश सरकारले परियोजना छनोटका लागि शोकेस समिति नै बनाएको छ । जसको नेतृत्व लगानी प्राधिकरणको सीइओ डा. सरोज कोइरालाले गरेका छन् । उक्त समितिमा अर्थ, कानुन, पर्यटन, भौतिक पूर्वाधार, मुख्यमन्त्री कार्यालय, योजना आयोगका महाशाखा प्रमुखहरू र निजी क्षेत्रबाट तीन जना सदस्य मनोनीत छन् ।
एमओयू गरेपछि सिधै डीपीआरको चरणमा प्रवेश गर्ने कोइरालाले बताए । उनले लगानीका लागि सम्बन्धित क्षेत्रका उद्योगी, व्यवसायी तथा एनआरएनएहरूसँग समन्वय भइरहेको जानकारी दिए । परियोजनाको शोकेसको लागि विभिन्न स्रोत परिचालन गरिएको उनले बताए ।
जसमा लगानी प्राधिकरणसँग रहेका ४२ वटा परियोजना, संघीय सरकारको लगानी बोर्डसँग रहेका कोशी प्रदेशसँग सम्बन्धित परियोजना, प्रदेशका मन्त्रालयसँग रहेका र सार्वजनिक निजी साझेदारीमा गर्न सकिने परियोजना, निजी क्षेत्रका छाता संगठनहरूमा कुनै परियोजना भए तिनीहरू, जिल्ला समन्वय समिति र १३७ वटै पालिका छन् ।
प्रदेश सरकारले परियोजना छनोटका लागि शोकेस समिति नै बनाएको छ । जसको नेतृत्व लगानी प्राधिकरणको सीइओ डा. सरोज कोइरालाले गरेका छन् । उक्त समितिमा अर्थ, कानुन, पर्यटन, भौतिक पूर्वाधार, मुख्यमन्त्री कार्यालय, योजना आयोगका महाशाखा प्रमुखहरू र निजी क्षेत्रबाट तीन जना सदस्य मनोनित छन् । यस्तै उद्योग मन्त्रालयका महाशाखा प्रमुख सदस्यसचिव पनि छन् ।
त्यो समितिले प्रदेशभरका परियोजनालाई पहिचान गर्ने र त्यसलाई निर्देशक समितिमा सिफारिस गर्ने काम गर्छ । 'परियोजना शोकेस समितिले १३७ वटै पालिकालाई पत्राचार गरेको छ । १० करोडभन्दा बढीका निजी लगानीमा सम्पन्न गर्न सकिने वा सार्वजनिक निजी साझेदारीको मोडलमा गर्न सकिने कुनै परियोजनाको १० वटा आधारसहित पठाउन पत्राचार गरेका छौं । त्यहाँबाट झण्डै ६५ वटा परियोजना आएका छन् । अरु आउने क्रममा पनि छन्,' कोइरालाले भने, 'त्यसबाट हामीले २५ वटा राम्रा परियोजना छनोट गर्ने लक्ष्य छ ।'
परियोजना छानेर निर्देशक समितिमा पठाइने र निर्देशक समितिले मूल आयोजक समितिलाई पठाउने छ । त्यहाँबाट पारित भएपछि बल्ल सम्झौताको प्रक्रियामा जाने कोइरालाको भनाइ छ ।

# बालमन्दिरका विद्यार्थीलाई न्यानो कपडा वितरण

झापा(प्रस) ।ताप्लेजुङको सदरमुकाम फुङ्लिङस्थित बालमन्दिर



आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ । फुङ्लिङमा रहेको स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडले बालमन्दिरका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको हो ।
उक्त संस्थाले विद्यालयमै पुगेर संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विद्यार्थीलाई न्याना कपडा वितरण गरेको हो । विद्यालयमा आयोजित कार्यक्रमकाबिच फुङ्लिङ नगरपालिकाका प्रमुख अमिर मादेन, वित्तीय संस्थाका सञ्चालक समिति अध्यक्ष डा. सुमित्रा मानन्धरलगायतले न्यानो कपडा (ज्याकेट) वितरण गरेका थिए । बालमन्दिर आधारभूत विद्यालयमा अध्ययनरत १०२ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको प्रधानाध्यापक धर्मप्रसाद पौड्यालले जानकारी दिए । हालको चिसो मौसममा संस्थाले वितरण गरेको न्यानो कपडाले विद्यार्थीलाई राहत पुगेको प्रधानाध्यापक पौड्यालले बताए ।

# निजामती कर्मचारीलाई कोरियामा छात्रवृत्तिको अवसर

झापा(प्रस) । ६० निजामती कर्मचारीले दक्षिण कोरियामा १७ महिनासम्म वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिको अवसर पाउने भएका छन् । आगामी जनवरी २० देखि १७ महिनाका लागि ती कर्मचारी दक्षिण कोरियामा छात्रवृत्तिअन्तर्गत अध्ययन/तालिममा सहभागी हुन पाउने भएका हुन् ।



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत मानव संशाधन योजना शाखाले सरकारी सबै निकाय तथा तहलाई वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा पठाउने कर्मचारी मनोनयन गरी जानकारी पठाउन आह्वान गरेको छ ।
छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीलाई प्राथमिकता दिइ मनोनयन गर्न पनि मन्त्रालयले भनेको छ ।

# मलेसियामा राजदूत नहुँदा माग प्रमाणीकरण रोकियो

झापा(प्रस) । मलेसिया सरकारले अधिकांश क्षेत्रमा आंशिक आप्रवासी श्रमिकका लागि खुला गरेसँगै वैदेशिक रोजगार व्यवसायी कम्पनीले ल्याएका माग प्रमाणीकरण नहुँदा गुमाउनु परेको गुनासो गरेका छन् । मलेसियामा राजदूत नियुक्त नहुँदा मलेसियाका सेवा क्षेत्रबाट नेपालीका लागि आएका माग गुमाउनु परेको भन्दै व्यवसायीले गुनासो गर्दै आएका हुन् ।
आन्तरिक समस्या देखाउँदै केही समयका लागि आप्रवासी श्रमिक लिन बन्द गरेको मलेसिया सरकारले गएको असोजदेखि उत्पादन क्षेत्रबाहेक अन्य क्षेत्रमा आंशिक श्रमिकको माग गर्न थालेको जनाइएको छ । वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष राजेन्द्र भण्डारीले मलेसियाले आंशिक रूपमा कृषि, प्लान्टेसन, मार्ट तथा सुरक्षा गार्डलगायत




क्षेत्रमा आप्रवासी श्रमिकको माग आएको तर प्रमाणीकरण नहुँदा पठाउन नसकिएको जानकारी दिए । राजदूत नभएकाले मागपत्र प्रमाणीकरणका लागि राजदूत नै चाहिने भनेर लगभग तीन लाख माग रोकिएको उनको भनाइ छ ।
उनका अनुसार श्रमिक पठाउन नेपालसँग प्रतिस्पर्धी बङ्गलादेश, फिलिपिन्सलगायतका देशले खुला भएका क्षेत्रमा श्रमिक पठाउन थाले पनि नेपालले अवसर सदुपयोग गर्न सकेका छैन । डेढ वर्षअगाडिसम्म मलेसिया नेपालीको प्रमुख गन्तव्य थियो । अहिले ठप्प भएको छ ।
मलेसियाले आंशिक रूपमा केही क्षेत्रमा मात्रै आप्रवासी श्रमिक लैजान थाले पनि पूर्ण रूपमा भने खुलाएको छैन । यसअघि यही डिसेम्बरसम्म सबै क्षेत्रमा आप्रवासी लैजाने अनौपचारिक कुरा सार्वजनिक भएको थियो । वैदेशिक रोजगार विभागले पनि मलेसिया कहिलेदेखि पूर्ण रूपमा खुला हुन्छ भन्ने विषयमा कुनै जानकारी नआएको जनाएको छ । विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले मलेसियामा आंशिक खुलाएको कुरा आए पनि पूर्ण कहिले खुल्छ भन्ने कुनै जानकारी नभएको बताए ।
मध्यपूर्वका मुलुक (खाडी) को तुलनामा मलेसियामा श्रमिकको पारिश्रमिक र अन्य सेवा सुविधा पनि राम्रो भएकाले धेरै युवाको रोजाइमा मलेसिया पर्छ । मलेसिया सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाउने घोषणा गरिसकेको छ ।

# चितवनमाथि कर्णालीको रोमाञ्चक जित




झापा(प्रस) । कर्णाली याक्सले नेपाल प्रिमियर लिग (एनपीएल) मा चितवन राइनोजमाथि रोमाञ्चक जित निकालेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शुक्रबार भएको खेलमा कर्णालीले चितवनलाई ६ विकेटले हरायो ।
जितका लागि एक सय ३१ रनको सामान्य लक्ष्य पछ्याएको कर्णालीले १९.५ ओभरमा चार विकेटो क्षतिमा एक सय ३२ रन जोड्दै लक्ष्य पूरा गरेको हो ।
कर्णालीका लागि भारतीय क्रिकेटर शिखर धवनले ४५ रन बनाए । उनले ४१ बलमा चार चौका र एक छक्काको सहयोगमा उक्त रन बनाएका हन् ।
यस्तै चाडविक वाल्टनले ३० र देश खनालले २९ रन बनाए । जिसन मक्सुदले अविजित १२ र अर्जुन घर्तीले ११ रन बनाए । बलिङमा चितवनका कुशल मल्ल, रवि बोपरा र जान निकोल लफ्टी-इटनले एक-एक विकेट लिए ।
यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको चितवनले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ३० रन बनाएको थियो ।
चितवनका लागि बोपाराले ४० बलमा सात चौका र एक छक्काको सहयोगमा ५९ रन बनाए । कप्तान कुल मल्लले २३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।
बलिङमा कर्णालीका विपिन शर्माले तीन विकेट लिए । जिसम मक्सुदले दुई तथा सोमपाल कामी र नन्दन यादवले एक-एक विकेट लिए । लिगमा तीन खेल सकेको कर्णालीको यो पहिलो जित हो ।
यसअघि कर्णाली जनकपुर बोल्ट्ससँग आठ र काठमाडौं गुर्खाजसँग तीन विकेटले पराजित भएको थियो । तीन खेलका पहिलो हार खेपेको चितवनले यसअघि पोखरा एभेन्जर्सलाई ८७ रन र काठमाडौं गुर्खाजलाई पाँच विकेटले हराएको थियो ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** शुभ कार्यमा सरिक भइनेछ । आँटेको र ताकेको कार्य पनि पुरा होला ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।